(मन्त्रालयस्तर स्वीकृत मिति)
२०८२।५।१२

आर्थिक वर्ष २०८२/८३ प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन

स्थानीय तहमा सशर्त अनुदान तर्फ स्वीकृत कार्यक्रममा उल्लेख भएको कार्यक्रम संचालन गर्दा तपशिल अनुसार शर्तहरु पालना गर्नु पर्नेछ।

तपशिल

१. स्थानीय तहले कार्यक्रम सञ्चालन स्थान तथा सेवाग्राही छनौट आफ्नो प्रचालित नियम/कानुन अनुसार गर्न सक्नेछन।

२. कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाउनु पर्ने भएमा स्थानीय तहले आफै मापदण्ड बनाई लागु गर्न सक्नेछन। मापदण्ड बनाउँदा नेपाल सरकार र प्रदेश सरकारले बनाएका मापदण्डलाई समेत आधार लिन सकिनेछ ।कार्यक्रमको नाम, उद्धेश्य र तोकिएको स्थान परिवर्तन गर्न पाईने छैन ।

३. सशर्त अनुदानको रकमबाट कर्मचारी भर्ना र साधारण प्रकृतिका कार्यहरुमा खर्च गर्न पाईने छैन।

४. सशर्त अनुदानको रकम अन्य अनुदान तथा श्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने कार्यहरुमा खर्च गर्न पाईने छैन।एकै प्रकृतिको कार्यक्रममा दोहोरोपना हुनेगरी सशर्त अनुदानको बजेट खर्च गर्न पाईने छैन ।

५. कार्यक्रम सञ्चालन गर्न स्थानीय तह वा सम्बन्धित लाभग्राहीको तर्फबाट न्यूनतम पचास प्रतिशत लागत सहभागिता हुनुपर्नेछ।

६. पूँजिगत प्रकृतिको कार्यक्रम, सेवा र बस्तु खरिद गर्नुपरेमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार गर्नुपर्नेछ।

७. स्थायी प्रकृतिका कृषि/ पशुपन्छी बजार, कृषि हाट निर्माण, पशु अस्पताल लगायत पूर्वाधारहरु आदि निर्माण गर्नु परेमा सार्वजनिक जग्गा वा समूह/सहकारीको नाममा रहेको जग्गामा मात्र निर्माण गर्नु गराउनु पर्नेछ।

८. स्थानीय तहले सशर्त अनुदानबाट संचालन गर्ने योजना सम्पन्न आ.व २०८२/८३ असार मसान्त सम्म सम्पन्न गरि हिसाब फरफारक गर्नुपर्नेछ।

९. कार्यक्रम सञ्चालनमा कुनै दुविधा वा समस्या आईपरेमा स्थानीय तहको समन्वयमा मन्त्रालयले सहजिकरण गर्नेछ।

१०. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको त्रैमासिक प्रगति अनुसुची -२ अनुसार उद्योग कृषि तथा सहकारी मन्त्रालयमा पठाउनु पर्नेछ।

११. पशु स्वास्थ्य कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धि थप प्रष्टीकरण र प्राङ्गारिक खेती प्रवर्द्धनका लागि प्राङ्गारिक/जैविक/जिवाणु मल प्रयोगमा प्रोत्साहनको प्रकिया देहाय अनुसार रहने छ ।

प्रदेश सचिव

मन्त्री

पशु स्वास्थ्य कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यक्रम सम्बन्धि थप प्रष्टीकरण

यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु संचालन गर्नु पर्नेछ ।

(१) पशुपन्छीमा खोरेत, पि.पि.आर., स्वाइन फिवर, लम्पी स्किन डिजिज, भ्यागुते/चरचरे, रानीखेत, रेविज खोप संचालन गर्न आवश्यकता अनुसार खोपकर्ता नियुक्ति गरी सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने र खोप कार्यको नियमित अनुगमन गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले तोकेको ढाँचामा प्रगति रिपोर्टीङ्ग गर्ने।

(२) खोप कार्यको लागि थप लजिस्टिक व्यवस्थापन् गर्ने।

(३) खोपकर्ता/भ्याक्सिनेटर नियुक्ती गर्ने र परिचालन गर्ने।

(४) पशु हाट बजारहरुमा खोरेत रोग विरुद्धमा खोप कार्य संचालन तथा व्यवस्थापन गर्ने।

(५) खोरेत रोग नियन्त्रण आयोजना अन्तर्गत जोन क्षेत्र भित्रका स्थानीय तहले संचालन गर्नुपर्ने थप कार्यहरुः

क. स्थानीय आयोजना कार्यान्वयन समितिको बैठक संचालन गर्ने।

ख. निगरानी समूह गठन तथा परिचालन गर्ने।

ग. खोरेत रोग नियन्त्रणका लागि तोकिएको निगरानी केन्द्र/आन्तरिक चेकपोष्टहरुमा आवश्यकता अनुसार प्राविधिक स्वंयसेवक व्यवस्थापन गर्ने।

घ. जोन क्षेत्र भित्रका स्थानीय तहमा पशु चिकित्सकको व्यवस्थापन गर्ने।

प्राङ्गारिक खेती प्रवर्द्धनका लागि प्राङ्गारिक/जैविक/जिवाणु मल प्रयोगमा प्रोत्साहनको प्रक्रिया

- नेपाल सरकारले तोकेको गुणस्तर अनुसार प्राङ्गारिक/जैविक/जिवाणु मलमा किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउनु पर्नेछ ।
- स्थानीय तहले सूचना प्रकाशन गरी मल उत्पादकको स्थानीय तहमा सुचिकरण गर्नुपर्नेछ ।
- सुचिकृत उत्पादकबाट किसानले मल खरिद गर्ने व्यवस्था गर्नुपर्नेछ ।
- स्थानीय तहको कृषि शाखाले सुचिकृत उत्पादकलाई किसानको नाम र परिमाण सिफारिस गरी पठाउनु पर्नेछ ।
- मलको परिमाण सिफारिस गर्दा खेती गरेको जग्गालाई आधार मान्नुपर्नेछ ।
- किसानलाई अनुदानमा बिक्री गरेको मलको विवरण उत्पादकले स्थानीय तहमा पठाउनुपर्नेछ ।

प्रति के.जी./ प्रति लिटर दश रुपैयाका दरले नगद अनुदान उपलब्ध गराउनु पर्नेछ ।

प्रदेश सचिव

मन्त्री

## अनुसुची -२

### शशर्त अनुदानको प्रगति सम्प्रेषण फाराम

| क्र. स. | कार्यक्रमको नाम | विनियोजित बजेट रु हजारमा | खर्च रकम रु हजारमा | सञ्चालित मुख्य क्रियाकलापहरु | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | कुल जम्मा | | | | |

मन्त्री

प्रदेश सचिव